(प) **“सहजकर्ता”** भन्नाले उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनको निम्ति कृषि तथा पशुजन्य उत्पादन खरिद तथा बिक्री वितरणमा सहजता प्रदान गर्ने उद्देश्यका साथ नगरपालिकाको सम्बन्धित शाखामा नियमानुसार सूचीकृत भएका कृषि सहकारी, कृषि फर्म, सङ्कलन केन्द्र र समूह लाई सम्झनु पर्दछ।

(फ) **“तोकिएको व्यक्ति”** भन्नाले सहजकर्ताहरुले बेसीशहर नगरपालिकाभित्रका किसानहरुबाट आफुले खरिद गरेको कृषि उपजहरुको दैनिक खरिद तथा बिक्री रेकर्डको अभिलेखिकरणको निम्ति कामकाजमा खटाइएको जिम्मेवार व्यक्तिलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## कार्यविधिको उद्देश्य

**३. यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिमको हुनेछन्:-**

(क) यस नगरपालिकाभित्र निर्वाहमुखी कृषि कार्य गरिरहेका साना कृषकहरुलाई प्रतिफलस्वरूप अनुदान प्रदान मार्फत कृषकको मनोबललाई उच्च पार्दै कृषि पेशातर्फ आकर्षण गरी व्यवसायमुखी बनाउने,

(ख) स्थानीयस्तरमा कृषि उपजको उत्पादन एवम् उत्पादकत्त्व अभिवृद्धि गराई आत्मनिर्भरता हासिल गर्ने,

(ग) “उत्पादन हातमा, अनुदान साथमा” भन्ने मुख्य ध्ययेकासाथ उत्पादन क्षमताका आधारमा सम्पूर्ण कृषकलाई समानरुपमा अनुदाको अवसर प्रदान गर्ने,

(घ) कृषकलाई बजार/उपभोक्तको माग र रूचि अनुसारको गुणस्तरीय वस्तु उत्पादन गर्न प्रेरित गर्दै लगानी सुरक्षा तथा बजार पहुँचको सुनिश्चितता दिलाउने,

(ङ) स्थानीय सम्भाव्यताको आधारमा कृषि एवम् पशुपालन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई कृषिलाई नै अर्थोपार्जनको भरपर्दो स्रोतको रुपमा स्थापित गर्न सो पेशा/व्यवसायलाई सम्मानजनक, नाफामुखी तथा दीगोरुपमा रोजगारीमूलक बनाउने।